म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १७४ सोमबार, १७ माघ २०७८ चतुर्दशी ने. सं. ११४२ पोहेलागा 31 January, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

## हेटौंडाका १ सय ४१ जना कोरोनामुक्त

हेटौंडा/मकवानपुर जिल्लाभर आइतबार एकैदिन १ सय ९६ जना कोरोना भाइरस संक्रमणमुक्त भएका छन् । तीमध्ये १ सय ४१ जना हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका रहेको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

संक्रमणमुक्त हुनेमा थाहानगरपालिकाका १६, मकवानपुर गढी गाउँपालिकाका १० जना, बागमती गाउँपालिकाका एक जना, मनहरी गाउँपालिकाका १५ जना, इन्द्रसरोवर गाउँपालिकाका २ जना, भीमफेदी गाउँपालिकाका ५ जना, बकैया गाउँपालिकाका ५ जना र र ाक्सिराङ गाउँपालिकाका एक जना रहेका छन् । यससँगै जिल्लामा कोरोना संक्रमणमुक्त हुनेको कुल संख्या १६ हजार ८ सय ५७ जना पुगेको छ ।

जिल्लामा पछिल्लो २४ घण्टामा थप ५३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । अवधिमा १ सय १४ जनाको पीसीआर र एन्टीजेन परीक्षण गर्दा उनीहरुमा कोरोना पुष्टि भएको स्वास्थ्य कार्यलय मकवानपुरले जनाएको छ । जिल्लामा पछिल्लो २४ घण्टामा कोरोना संक्रमणका कारण कुनै पनि व्यक्तिको निधन भएको छैन ।

हाम्रो सफलता

# दशकदेखि निरन्तर 'क' वर्ग

साझाकुरा संवाददाता

हेटौंडा/प्रेस काउन्सिल नेपालले आर्थिक वर्ष २०७५/७६ र २०७६/०७७ को वर्गीकरण नतिजा सार्वजनिक गरेको छ ।

काउन्सिलले आइतबार प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० बमोजिम गठित पत्रपत्रिका वितरण सम्परीक्षण समितिको वर्गीकरण प्रतिवेदनको आधारमा आ.व. २०७५/०७६ र २०७६/०७७ को वर्गीकरणको नतिजा सार्वजनिक गरेको हो ।

नतिजाअनुसार हेटौंडाबाट प्रकीशत भइरहेको साझाकुरा राष्ट्रिय दैनिक यस वर्ष पनि प्रेस काउन्सिल नेपालको वर्गीकरणमा 'क' वर्गमा सूचिकृत भएको छ ।

प्रेस काउन्सिल नेपालले आइतबार सार्वजनिक गरेको आर्थिक वर्ष २०७५/७६ र २०७६/०७७ को पत्रपत्रिका वर्गीकरणको नतिजाअनुसार हेटौंडाबाट विगत १० वर्षदेखि प्रकाशित साझाकुरा राष्ट्रिय दैनिक निरन्तर रुपमा क वर्गमा समावेश हुन सफल भएको हो । आर्थिक वर्ष २०६८/०६९ अवधिमा देशभरबाट प्रकाशन भएका पत्रपत्रिकाहरुको वर्गीकरण सूची सार्वजनिक गर्दा यस दैनिक पहिलो वर्षमै 'क' वर्गमा सूचिकृत भएको थियो ।

'तपाईं, हामी, सबैको कुरा' उद्घोषसहित २०६८ साउन १५ गतेदेखि प्रकाशित दैनिकले निरन्तर रुपमा 'क' वर्गको स्थान प्राप्त गर्न सफल भएकोमा प्रकाशक सविन न्यौपानेले नागरिकलाई सामाजिक, साँस्कृतिक, राजनीतिक, आर्थिक र धार्मिक आदि दृष्टिले सशक्तीकृत एवम् अधिकार सम्पन्न बनाउने प्रयासमा सदैव लागिपर्ने प्रतिबद्धता जनाए ।

आ.व. २०७५/०७६ को वर्गीकरणको लागि देशभरबाट आवेदन दिने ८ सय ८३ मध्ये प्रदेशस्तरमा १ सय ६६, राष्ट्रियस्तर १ सय ६५, स्थानीयस्तरमा र ५ सय ५२ पत्रपत्रिकामध्ये 'क' वर्गमा २ सय १९, 'ख' वर्गमा ४ सय ७६, 'ग' वर्ग १ सय ३७, 'घ' वर्गमा १५, नियमित तर, हुबहु र वर्ग कायम नभएका ३६ पत्रपत्रिका छन् ।

त्यस्तै आ.व. २०७६/०७७ को वर्गीकरणको लागि आवेदन दिने ८ सय ७८ मध्ये प्रदेशस्तरमा १ सय ६९, राष्ट्रियस्तरमा १ सय ४९, स्थानीयस्तरमा ५ सय ६० पत्रपत्रिकामध्ये 'क' वर्गमा २ सय ३९, 'ख' वर्ग ४ सय ३१, 'ग' वर्गमा १ सय ६३, 'घ' वर्गमा शून्य, नियमित तर हुबहु र वर्ग कायम नभएका ४५ पत्रपत्रिका रहेको काउन्सिलले जनाएको छ ।

प्रेस काउन्सिलको मिति २०७८ माघ १४ मा बसेको बोर्ड बैठकले वितरण सम्परीक्षण समितिबाट प्राप्त प्रतिवेदनका आधार मा नतिजा सार्वजनिक गर्ने निर्णय गरेको छ । साथै नतिजामा चित्त नबुझ्नेले नतिजा सार्वजनिक भएको १५ दिन र दोब्बर दस्तुरसहित थप ७ दिनसम्म सुरुमा निवेदन दिँदाको दस्तुरको पच्चिस प्रतिशत दस्तुर सहित पुन:योग/पुन:मूल्याङ्कनका लागि निवेदन दिन सकिने निर्णय गरेकोले निर्णयअनुसार सम्बन्धित सबैलाई काउन्सिलले जानकारी गराएको छ ।

वर्गीकरणको नतिजा अनुसार मकवानपुरका पाँच दैनिक पत्रिका मध्ये साझाकुरा, हेटौंडा सन्देश 'क', थाहा सन्देश, प्रदेश र समृद्ध समाज दैनिक 'ख' वर्गमा वर्गीकृत भएका छन् । जिल्लाका साप्ताहिक पत्रिकाहरु मध्ये दुई 'क', १२ 'ख' र एक 'ग' वर्गमा बर्गीकृत छन् ।

# तेहेरो करविरुद्ध फेकोफनद्वारा धर्ना



भीमसेन पौडेल

हेटौंडा/बागमती प्रदेशको वन ऐन २०७६ को संसोधन, तेहेरो कर खारेजी र वन संरक्षण क्षेत्र खारेजीको माग राख्दै आइतबार सामुदायिक वन उपभोक्ता महासंघ, बागमती प्रदेशले बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालय हेटौंडामा एक घण्टा धर्ना दिएको छ ।

धर्ना कार्यक्रममा सहभागीहरुले सामुदायिक वनमा लगाइएको तेहेरो कर खारेज गर, वन ऐन २०७६ संसोधन गर, मध्यवर्ती सामुदायिक वनलाई स्वायत अधिकार प्रदान गर, जिल्ला वन पैदावार आपूर्ती समिति खारेज गर जस्ता नारा लगाउँदै मन्त्रालय घेराउ गरेका थिए ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ, बागमती प्रदेशका अध्यक्ष विनोद सापकोटाले सामुदायिक वनको विरुद्धमा वन तथा वातावरण मन्त्रालयले ल्याएको वन ऐन २०७६ संसोधन र तेहेरो कर खारेज नभएसम्म आन्दोलन जारी रहने बताए । सरकार गैरजिम्मेवार बन्दै गएको बताउदै अध्यक्ष सापकोटाले महासंघका आन्दोलन नेपालमा रहेका करिव २३ हजार सामुदायिक वनको अधिकारको लागि भएको बताए ।

धर्ना कार्यक्रममा बागमती प्रदेशका सचिवालय सदस्य रामहरि चौलागाई, फेकोफन रसुवाका अध्यक्ष लिलानाथ न्यौपाने, मकवानपुर अध्यक्ष साधुराम चौलागाई, गैरसरकारी संस्था महासंघ, बागमती प्रदेशकी उपाध्यक्ष आरती पाठक, हेटौडा उपमहानगरपालिकाकी कार्यपालिका सदस्य कल्पना विक सामुदायिक वनका उपभोक्ताहरुको सहभागिता रहेको थियो ।

विरोध कार्यक्रम अन्तरगत माघ १७ गते मुख्यमन्त्रीको कार्यालयमा एक घण्टा धर्ना दिने कार्यक्रम रहेको महासंघले जनाएको छ ।

# हार्दिक आभार

आर्थिक वर्ष २०६८/०६९ देखि प्रकाशन सुरु भएको यस दैनिक पत्रिका प्रेस काउन्सिल नेपालको वर्गीकरण सूचीमा सोही वर्षमै 'क' वर्गमा सूचीकृत भएको सुखद् खबर यहाँहरुलाई पुन:स्मरण गराउँदै प्रेस काउन्सिल नेपालले आइतबार सार्वजनिक गरेको आर्थिक वर्ष २०७५/०७६ र आर्थिक वर्ष २०७६/०७७ को पत्रपत्रिका वर्गीकरण नतिजामा तपाईंको प्रिय साझाकुरा दैनिक पुन: गौरवमय **'क' वर्ग**मा सूचीकृत भएको छ ।

**'क' वर्ग**

वर्गीकरणमा पुन: सफल

साझाकुरा राष्ट्रिय दैनिक

भावी दिनमा अझ कसिलो सम्बन्धको अपेक्षासहित तपाईंहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

तपाईं, हामी, सबैको कुरा

**साझाकुरा**

मुख्य कार्यालय: हेटौंडा-१, चौकीटोल, फोन: ०५७-५२१११५,
E-mail: sajhakura@gmail.com, Website:www.sajhakuranews.com

## लागूऔषधसहित दुई जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर प्रहरीले अवैध लागूऔषध नाईट्रोभेट सहित दुई जनालाई पक्राउ गरेको छ ।

शुक्रबार हेटौंडाको छुट्टाछुट्टै स्थानबाट नाईट्रोभेट १ सय १६ ट्याब्लेटसहित दुई जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

पक्राउ पर्नेहरुमा हेटौंडा उपमहानगरपालिका-४ बस्ने ३४ वर्षीय अनिलकुमार तामाङ र बाराको जितपुर सिमरा उपमहानगरपालिका-२२ बस्ने २३ वर्षीय अनिस तामाङ रहेका छन् ।

शुक्रबार भुटनदेवी मोडतर्फबाट शितलमहल चोकतर्फ जादै गरेको गरेको बा २४ प ४५९५ को मोटरसाईकललाई हेटौंडा-४ स्थित सडकखण्डमा रोकी चेकजाँच गर्ने क्रममा मोटरसाइकल चालक अनिलको साथबाट ४८ ट्याब्लेट बरामद भएपछि निजलाई पक्राउ गरेको प्रहरी नायव उपरीक्ष जयश्वर रिमालले बताए ।

शुक्रबार नै हेटौंडा उपमहानगरपालिका वडा नम्बर १० बसपार्कस्थित बसिरहेका अनिशलाई शंका लागि चेकजाँच गर्दा लुकाइछिपाइ ल्याएको लागूऔषध नाईट्रोभेट ६९ ट्याब्लेट बरामद भएपछि निजलाई पक्राउ गरेको रिमालले बताए । उनका अनुसार, पक्राउ परेका दुबै जनालाई आइतबार मकवानपुर जिल्ला अदालतबाट दिन ५ को म्याद थप गरी आवश्यक अनुसन्धान गरिरहेको छ ।




## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू:**


- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३००

## घडेरी बिक्रीमा

जिल्ला : मकवानपुर
हेटौडा उपमहा नगरपालिका
वडा नं. १




सम्पर्क नं.: ९८४५१०३६६३
९८११८९५४६२
हेटौडा-५

साझाकुरा

## हाम्रो कुरा

# गाँजाको विकल्प कहिले ?

विश्वका अधिकांश देशमा गाँजा तथा अफिम सेवन, बिक्री वितरण, ओसारपसार तथा खेतीपाती गर्न बन्देज गरिएको छ । नेपालमा पनि गैरकानूनी मानिएको गाँजा तथा अफिम पहाड तथा तराईका विभिन्न क्षेत्रमा अझै पनि खेती हुँदै आएको छ । गाँजा तथा अफिम खेती नियन्त्रणका लागि प्रहरी प्रशासनले वर्षेनि फडानी तथा अन्य कारबाही गर्दै आए पनि गाँजा तथा अफिम खेती अन्त्य हुन सकेको छैन । किसानको चाँडै धनी बन्ने चाहना र गाँजाको बैकल्पिक खेतीका लागि प्रोत्साहन नहुनुले गाँजा तथा अफिम खेती बढी हुने गरेको भए पनि कतैकतै भने प्रहरी प्रशासनको कमजोर उपस्थिति र मिलेमतो पनि गाँजा खेतीलाई प्रोत्साहन गर्ने कारक तत्व बनिरहेको छ । साथै, भारतीय व्यापारीको साथ र सहयोगले पनि गाँजा तथा अफिम खेतीलाई बढावा दिने गरेको पाइन्छ ।

मकवानपुर जिल्लाको साविक नामाटार, कालिकाटार, भार्ता, गोगने, राक्सिराङ, खैराङ, काँकडा, सरिखेतलगायत उत्तर-पश्चिम पहाडी गाविस गाँजाखेतीका लागि उर्वर क्षेत्र मानिन्थ्यो । यी गाविसहरु हाल राक्सिराङ तथा कैलाश गाउँपालिकामा पर्दछन् । हालको बकैया तथा वागमती गाउँपालिकाको विकट क्षेत्रमा पनि गाँजा तथा अफिम खेती हुने गर्दथ्यो । माओवादी सशस्त्र द्वन्द्वकालमा विकट क्षेत्रमा सुरक्षा निकायको अनुपस्थितिले फस्टाएको गाँजा खेती पछिल्लो समयमा उल्लेख्य कमी आएको छ । गाउँलेमा आएको चेतना र प्रशासनले गरेको कडाइका कारण गाँजाखेतीमा कमी आएको हो ।

प्रहरी प्रशासनले वर्षेनि गाँजा फडानी अभियानलाई तीव्रता दिएपछि यसको खेती न्यून हुँदै गएको छ । यसवर्ष पनि मकवानपुर प्रहरीले जिल्लाको राक्सिराङ तथा कैलाश गाउँपालिकामा गाँजा तथा अफिम खेती नष्ट गर्ने अभियान आइतबारबाट सुरु गरेको छ । ६० जना प्रहरीलाई चार टिममा बाँडेर एक हप्तासम्म उक्त क्षेत्रमा गाँजा खेती तथा गाँजाको व्याड नष्ट गर्ने अभियान प्रहरीले सुरु गरेको छ । मकवानपुर प्रहरीले गतवर्ष ६ हजार ८ सय ४० कठ्ठामा लगाएको गाँजा र ६ सय ६८ कठ्ठामा लगाइएको अफिम खेती नष्ट गरेको थियो । प्रहरीले गत वर्ष गाँजा तथा अफिम खेती नष्ट गर्न तीन चरणमा अभियान सञ्चालन गरेको थियो ।

सरकारले गाँजा र अफिमखेती गर्ने किसानलाई वैकल्पिक खेतीमा आकर्षित गराउन नसक्दा वर्षेनि ठूलो परिमाणमा लगाइएको गाँजा तथा अफिम खेती नष्ट गर्नु परिरहेको छ । गाँजा र अफिम खेती नष्ट गर्न प्रहरीको सक्रियतासँगै गाँजा खेती हुने स्थानीय तहसँगको समन्वयमा किसानलाई वैकल्पिक खेतीप्रति प्रोत्साहित गर्नु आवश्यक देखिन्छ । स्थानीय सरकारले संघ तथा प्रदेश सरकारसँग आवश्यक सहयोग लिएर गाँजा खेती पूर्णरुपमा विस्थापनका लागि विशेष योजना कार्यान्वयन गर्नु उचित हुनेछ । हरेक वर्ष प्रहरीले फाँड्ने, किसानले फेरि लगाउने क्रम निरन्तर भइरहँदा किसानको श्रम तथा पूँजी नष्ट हुने र राज्यको स्रोत, साधन खर्च हुने क्रम नरोकिने निश्चित छ । किसानलाई उचित विकल्प दिनसके गाँजाखेती कम हुने सम्भावनालाई सम्बद्ध पक्षले गम्भीररुपमा लिनु आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ माघ १८ गते मंगलबार १ फेब्रुअरी २०२२ । माघ कृष्ण औंशी । पोहेलागा आमै ११४१ । सूर्योदय ६:५० र सूर्यास्त ५:४४ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अध्ययनमा बाधा | **तुला** | : आफन्तजन भेट |
| **वृष** | : धन प्राप्ति | **वृश्चिक** | : भित्रजन भेट |
| **मिथुन** | : शत्रुबाट मुक्त | **धनु** | : प्रेममा सफलता |
| **कर्कट** | : धन नष्ट | **मकर** | : शुभ कार्यको थालनी |
| **सिंह** | : मिष्ठान्न भोजन | **कुम्भ** | : सुख प्राप्ति |
| **कन्या** | : आलश्यता | **मीन** | : यात्राको योग |

# शिक्षकले पढ्नैपर्ने किताब "उज्यालोतिर" पढिसके पछि



रमेशप्रसाद लामिछाने, हेटौंडा

१. हाम्रो शिक्षामा शिक्षकका चर्चा अधिक सुन्न र पढ्न सकिन्छ । शिक्षकले पढाएनन् सिकाएनन् । शिक्षक धेरै राजनीतिककर्मी भए । अभिभावक, शिक्षक र विद्यार्थी तिनै पक्षले चाहेमात्र शिक्षामा अपेक्षित उपलब्धि हुने टिप्पणी पनि कम छैन । सरकारकै नीति गतिलो नभएर शिक्षामा समस्या बढिरहेको भन्नेहरु पनि छन् । सरकार शिक्षकलाई दोष दिन्छ ।

शिक्षक सरकारकै कारणले हाम्रो शिक्षा बिग्रेको देख्छन् । एक अर्कामा दोषारोपण गर्दैमा वर्षौ बितिसकेको छ । शिक्षाविद्हरुको किताब, लेख, अन्तर्वार्ता, विचार, भाषण, कक्षा, गोष्ठि, सेमिनार, आदिको अभाव पटक्कै छैन । यहि भिडमा तर भिन्न र व्यवहारिक प्रस्तुती बोकेको, शिक्षासंग विशेषगरी शिक्षकहरुका लागि उपयोगि लागेकाले "उज्यालोतिर" नामको किताबले प्रवाह गरेको सन्देश प्रसंग यस आलेखमा उठान गर्ने प्रयत्न गरिएको छ । यो अनुमतीमा गरिएको निर्देशित समिक्षा भने होईन ।

२. शिक्षक भईसकेका र शिक्षक बन्ने मनसाय बोकेकाहरुले एक पटक पढ्नै पर्ने किताब रहेछ "उज्यालोतिर" । यद्यपि शिक्षकका लागि बजारमा धेरै किताबहरु भेटिन्छन् र धेरैमा विषयवस्तु समान पढन सकिन्छ । शिक्षाक्षेत्रमै जिवन खर्चिएका व्यक्तिहरुको अनुभव र सन्देश बुझ्ने उद्धेश्यले यो किताब प्रकाशन भए पश्चात नै पढ्ने सोच बनाई सकेको थिए ।

शिक्षामा चार दशक भन्दा बढि प्रत्यक्ष संलग्नताका साथ खटेर सँगालिएको भण्डारबाट आफ्नो अनुभव बाहिर ल्याउनु भएका आदरणीय टिकाराम रेग्मी सरको यो किताबले सैद्धान्तिकता भन्दा व्यवहारिकताको उजागर गरेको छ । प्रस्तुत उपन्यासमा सफल र उदाहरणिय शिक्षक सरु बाट लेखक स्वयम्ले प्रभावकारी शिक्षण विधिहरु प्रयोगमा ल्याउन आग्रह गरेको स्पष्ट छ । पूर्व शिक्षक भाष्करलाई मार्गदर्शक पात्रको रुपमा चित्रित गरिएको छ । एउटा विद्यालय, शिक्षक, विद्यार्थी, समिति, अभिभावक, स्वभाविक पात्र प्रस्तुत गरिएको यो उपन्यास सुखान्त नै छ ।

३. उपन्यासले ३९५ पेजमा ४९वटा उपशिर्षकहरु समेटेको छ । शिक्षाविदहरु प्रा.डा. विद्यानाथ कोईराला, प्रा.डा. मनप्रसाद वाग्ले, रमाकान्त सापकोटा सर र जितबहादुर शाह सरले व्यक्त गर्नुभएका सारगर्भित तथा सटिक मन्तब्य नै समग्र किताबको सारकोलागि पर्याप्त छ भन्दा अत्युक्ति हुनेछैन । किताब कक्षा कोठामै केन्द्रित छ भन्नै पर्दछ । कक्षामा शिक्षकले विद्यार्थी केन्द्रित क्रियाकलापमा खासगरी शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन निर्बाह गरेका प्रयत्नहरु सान्दर्भिक र उपयोगी छन् । लेखकले उपन्यासमा प्रस्तुत पात्रहरुलाई गरेको न्याय अन्याय बारेको टिप्पणीले खासै महत्व राख्दैन भन्दै गर्दापनि "प्रयास" प्रति अन्याय भएको भन्नै पर्दछ । "सरु" को लगाव र समर्पणलाई गरिएको सम्मान अझ कम भयो भन्दा अत्युक्ति नहोला । "भाष्कर" लाई एकै विद्यालयको घेरा परिसरबाट उठाएर कम्तिमा जिल्लातह सम्म उदाहरण बनाईएको भए सुनमा सुगन्ध हुन्थ्यो कि ?

४. अधिकांश विद्यार्थीलाई पास चाहिएको छ । पाय: अभिभावक आफ्ना वालवालिका स्कूल कलेज गएको र वर्ष पुगेपछि कक्षा चढेको हेर्न चाहन्छन् । धेरैशिक्षकको ध्यान कोर्स सक्नेमा पाईन्छ । समिति र जनप्रतिनिधिका आफ्नै निजि स्वार्थ छन् । शिक्षा प्रशासन आदेश निर्देशमा रमाउँदै औपचारिकतामा बितिरहेकै हो । सरकारलाई समग्र शिक्षा व्यवस्थाको बारेमा सोच्ने र गम्भिर बन्ने फुर्सद भएको भए शिक्षा ऐन २०२८ कम्तिमा पहिले नै बदलिन्थ्यो ।

हाम्रो शिक्षालाई समयानुकुल बनाउन प्रयत्न गर्ने नगण्य शिक्षाकर्मीहरुको आवाज र कोशिश बारम्बार ओझेलमा परेकै हो । स्तरिय शिक्षाको सबालमा विद्यार्थीको सिकाई नै प्रमुख पक्ष हो भन्नेमा टिकाराम सर अत्यन्तै गम्भिर भएको तथ्य सरुको कक्षा क्रियाकलापमा स्पष्ट देख्न सकिन्छ । अनुभव र तालिमको कुनै अर्थ देखिएन जुन यथार्थ स्विकार्नै पर्दछ । शिक्षक तालिमका नाममा गरिएको लगानि नाम मात्र रहेछ भन्ने साबित भएको छ । दशकौं वर्ष शिक्षण पेशामा संलग्न तालिमप्राप्त ईन्दिरा, रन्जु, दिपक, खेम, ईश्वर, उमेश, रमेश, महेशहरुको भिडमा एकदिन पनि तालिम नलिएको सरु पहिलो कक्षामा नै एक परिपक्व शिक्षक देखिनुलाई विश्लेषणको विषय बनाउनै पर्दछ ।

५. प्रस्तुत उपन्यासका केहि हरफहरु यहाँ उल्लेख गर्नु सान्दर्भिक लाग्यो । जीवनसंग जोडिएको सिकाई परिपक्व हुन्छ । जुन दिनसम्म विद्यार्थीलाई आफ्नै छोराछोरी वा भाइबहिनि मान्न सक्छ्यौ त्यसदिन सम्म मात्र तिमी शिक्षक रहिरहन सक्नेछ्यौ । उद्धेश्यप्रति सचेत मानिस कहिल्यै हार्दैन । बाध्यताले नै सहि, म हिंडेको बाटो खराब छैन । इशारा सर्वब्यापि भाषा रहेछ, जो सुकैले बुझ्ने । किन चिन्ता ?

यात्रा जारी राख्नु, एउटा ढोका बन्द भए अर्को ढोका खुल्छ । मैले विद्यार्थीलाई घोटेर पिलाउने छैन, तिनलाई आफैं पिउन सक्ने बनाउने छु । सबैभन्दा पहिले आफ्ना विद्यार्थीलाई पढ्न बिर्सनेछैन । स्कूलमा पनि अर्की आमा भेटिछ । तिमी सिधा उभिईराख्नु, छाया बाङ्गो भएर केहि फरक पर्दैन । बाल मनोविज्ञान, मायालु ब्यवहार, आवश्यकताको पहिचान र रमाएर सिक्ने वातावरणको तयारी । जागिर मात्र खान त अरुकै बाटो '....शिक्षक हुने हो भने ? मूलबाटोको माग हुतिहाराले मात्र गर्छन् । अन्धकारमा गोरेटो कोर्ने अन्वेषक र गोरेटो भत्काएर सडक बनाउने इन्जिनियर हो । विद्वानहरु ढिपी गर्दैनन् ।

शिक्षक भएर समयमा विद्यालय नजाने, उपस्थित भईहाले कक्षामा नजाने, गर्नैपर्ने नगर्ने, गर्नै नहुने गर्ने, हुँदा हुँदा विद्यार्थीको कापी समेत नहेरी अंक दिने गर्छन् । बालबालिकाको शिक्षामा पहिलो आमा, दोश्रो घरपरिवार अनि मात्र विद्यालयको स्थान आउँदो रहेछ । एउटा ढुंगो घनको पछिल्लो चोटले फुट्नुको अर्थ पहिलो चोटको भूमिका थिएन भन्ने होईन । बालकलाई क्यासेट प्लेयर वा भकारी सम्झेर भर्न नखोज्नु, बरु तिनैमा भएको चेत कोट्याईदिने प्रयत्न गर्नु ।

६. शिक्षण सिकाईमा शैक्षिक सामग्रीको भूमिकाको प्रयाप्त उजागर गरिएको प्रस्तुत किताबमा न्यून लागतका शैक्षिक सामग्रीहरु बिरालो तथा मुसा लगायतका जनावरका मास्कहरु, रंगिन बलहरु, कार्डबोर्ड, शब्दपत्तिहरु, मार्कर, अनि लागतै नपर्ने कक्षाकोठा र विद्यार्थी तथा शिक्षक स्वयम्ले सामग्रीको रुपमा मोबाईल फोनको आकर्षक प्रयोगबाट शिक्षण सिकाई रोचक बनेको छ । शैक्षिक सामग्रीको महत्वका बारेमा उक्त किताबको पेज २२९ बाट छुटाउनै नसकिने हरफहरु- "म त बिना बसिला,रामो वा हथौडाको सिकर्मी भएछु । टेप, कैंची,सियो वा धागो नै नभएको सुचीकार भएछु ।

डाडुपन्यूँ प्लेट चम्चा,वा थाल कचौरा नै नभएको भान्से भएछु । झाडु, कुचो नै नभएको सफाई मजदूर भएछु ।" खेल विधि, प्रश्नोत्तर विधि संगै प्रत्येक सिकाईका शब्दलाई गितको लयमा प्रस्तुत गरेर विद्यार्थीमा पर्याप्त उत्प्रेरणाको आँधीबेहरी नै श्रृजना गरिएको सबै शिक्षकका लागि राम्रो खुराक बनेको छ । थोरै खाली समयको अधिकतम प्रयोग गरेर शैक्षिक सामग्री निर्माणमा ब्यस्त शिक्षक जो संग प्रत्येक कक्षा जानु अघि उद्धेश्य र तयारीमा रहनेले सधैं शिक्षणमा सन्तुष्टि हासिल गर्ने यथार्थको उपयुक्त उदाहरणको प्रस्तुतीमा कतै कमजोरी भेटिन्न । शिक्षक स्टाफमा शेयरिङ्ग र अन्तर्क्रियाले पारेको समग्र सकारात्मक प्रभावलाई भुल्न सकिन्न ।

७. अन्तमा, विद्यार्थी पढ्न सिक्नै चाहँदैनन् र शिक्षकले पढाएनन् सिकाएनन् भन्नेहरुलाई यो किताब शिक्षकले नै पढाउने सिकाउने रहेछन् भन्ने सन्देश दिन सफल देखिन्छ । स्कूल कलेजमा पढाउने वातावरण नै छैन, भएन भन्नेहरुलाई पनि संघर्षशील लगावको परिणाम हेर्न आग्रह गरिएको छ । संस्थाले शैक्षिक सामग्री नै किन्दैन अनि के प्रयोग गरेर देखाउने भनेर नथाक्नेहरुका लागि आवश्यक खुराक दिनमा कमी भएको लागेन ।

म त धेरै पढेको मान्छे, तल्लो कक्षामा जाने हैन भन्नेहरुका लागि पनि उपयुक्त जवाफ दिन लेखकले बिर्सनु भएको छैन । तिन चार दशकको अनुभव भएकाको अगाडि हिजो आएकाको फुर्ती, नयाँ जोगीले ज्यादा खरानी घस्ने भन्नेहरुका लागि मुखैभरिको जवाफ भेटिन्छ । अंग्रेजीलाई अंग्रेजी मै बोलेर खुबै जान्ने देखाउन खोजेको भनेर हतारमा प्रतिक्रिया दिनेलाई यो किताबले दिएको जवाफ पर्याप्त छ भन्ने लाग्छ । जो कोहि शिक्षकले यो पढेर समयको राम्रो सदुपयोग महसुस गर्नेमा शंका छैन । टिकाराम सरबाट आगामी दिनमा यस्तै ब्यवहारिक र सामयिक श्रृजनाको अपेक्षा गर्दछु ।

# निर्वाचन नै अबको विकल्प



कमल रिजाल

> विगतका संविधान व्यक्तिले बनाएको थियो, कामलाग्दो भएन, विफल भयो भन्न सकिने अवस्था थियो तर अहिलेको संविधान संविधानसभाले बनाएको हो । यो पनि विफल हुने हो भने, बनाउने हो भने देश गम्भीर संवैधानिक सङ्कटमा पर्न सक्छ । त्यसपछि संविधानलाई पुन ट्र्याकमा ल्याउन कति वर्ष लाग्ने हो, कतिले पुनः बलिवेदीमा चढ्नुपर्ने हो, त्यतिबेलासम्म देशले कति बढी देशीविदेशी शक्तिको रणमैदान हुनुपर्ने हो कल्पनासम्म गर्न सकिन्न ।

शनिवार साँझ सम्पन्न सत्ताधारी पाँचदलीय गठबन्धनको बैठकले आगामी जेठ महिनामा स्थानीय तहको चुनाव गर्न सिफारिस गर्ने निर्णय गरेको छ । यसअघि चुनावबारे विविध अड्कलबाजी र मतमतान्तर देखिएका थिए । सत्ताघटक नेपाली काँग्रेस वैशाखमै चुनाव गर्नुपर्छ भन्ने पक्षमा देखिए पनि माओवादी, नेकपा एकीकृत समाजवादी र जसपा नेपाल प्रष्ट हुन सकिरहेका थिएनन् ।

चुनाव सार्नुपर्छ भन्ने मत पनि आएको थियो, तीनै तहको निर्वाचन एकैपटक गर्दा राम्रो हुन्छ भन्ने मत पनि देखिएको थियो । उता निर्वाचन आयोगले निर्वाचन एकैपटक गर्ने भए वैशाख १४ र दुईपटक गर्ने भए वैशाख १४ र २२ गते उपयुक्त हुने सुझाव दिएको मात्र थिएन, ताकेता गर्नसमेत थालिसकेको थियो । कानूनविदहरूको राय पनि अधिकांश आयोगले तोकेको समयमा निर्वाचन गर्नुपर्छ भन्ने नै थियो । राष्ट्रपति विद्यादेवी भण्डारीले त त्योभन्दा पनि एकपाइलो अघि सरेर प्रधानमन्त्रीलाई सात बुँदे पत्र थमाउँदै अप्रत्यक्ष दवाव दिनसमेत भ्याएकी थिइन् ।

भलै संवैधानिक राष्ट्रपतिले पत्र नै लेखेर सरकारलाई दवाव दिनु संवैधानिक दायित्वभित्र पर्छ, पर्दैन बहसको विषय होला । बिस्तारै मूल्यांकन हुँदै पनि जाला, लेखाजोखा पनि हुँदै गर्ला । तर अहिले उनको कार्यशैली र व्यवहारबाट सरकार तथा सत्तारुढ दल सन्तुष्ट नरहेको समाचार आइरहेको छ । उनले ठीक गरिन्, गरिनन् उनले नै जबाफ दिनुपर्ने विषय हो, उनीबाटै भरपाई हुनुपर्ने होला । तर, चुनावप्रति बढ्दै गएको जनभावना तथा ढिलासुस्ती प्रतिको विरोधलाई उनीहरूले उपेक्षा गर्न सकेनन् र लामो अन्योल चिर्दै जेठ महिनामा चुनाव गर्न सिफारिस गर्ने निर्णय गरेका हुन् । यसबाट तत्कालका लागि सर्वाधिक राहत प्रधानमन्त्री शेरबहादुर देउवालाई नै मिलेको हुनुपर्छ । किनभने उनलाई सत्ताघटकबीच एकमत हुन नसक्दा अनिर्णयको बन्दी हुनुपरेको मात्र थिएन, उनको सिंगो पार्टी चुनावको पक्षमा उभिएकाले पार्टी भित्रैबाट चर्को दवाव झेल्दै आउनु परेको समेत थियो । सहयात्री दलको सहमति विना निर्वाचनको मिति घोषणा गर्दा गठबन्धन टुट्ने अवस्था थियो भने नगर्दा पार्टीभित्रकै दवाव झेल्न गाह्रो पर्दै गएको थियो ।

यद्यपि गठबन्धनले निर्वाचनका लागि आयोगले सिफारिस गरेको महिना वैशाखलाई छाडेर किन जेठलाई रोज्यो ? चुनाव सार्ने अर्को चालबाजी त होइन ? भन्ने जस्ता आशय र आशंका सँगसँगै मुखरित हुन थालेको छ । यतिबेला सरकारले स्थानीय तह निर्वाचन ऐन संशोधन गर्ने जुन प्रक्रिया अघि बढाएको छ, त्यसले पनि आशंकालाई नै मलजल गरेको छ । ऐन संशोधन गर्न खोज्नुको सरकारी आशय के हो, अहिले नै प्रष्ट भइसकेको छैन र यसबारे टिप्पणी गर्न मिल्दैन पनि ।

स्थानीय तह पदाधिकारीको म्याद सकिने अवधिबारे ऐनमा प्रष्ट नभएकाले संशोधन गर्नु परेको सरकारी भनाइ बाहिर आएकाले तत्कालका लागि त्यसैमा विश्वास गर्नुको विकल्प छैन । सरकार चलाउनु पक्कै चोक, चोकमा हल्ला गर्दै हिंडे जस्तो सजिलो छैन । भन्नलाई जे पनि सकिन्छ, हल्ला चलाउन जस्तो पनि सकिन्छ र आशंका गर्न पनि पाइन्छ । तर, सरकार भनेको सरकार हो, उसले भविष्यमा आउन सक्ने कुनै पनि बाधा, विरोध, भवितव्य र अड्चनलाई पहिले नै विचार गरी सतर्कता अप्नाउनैपर्ने हुन्छ । त्यस निम्ति ऐनकानून संशोधन गर्नुपर्ने भए त्यतातिर ध्यान दिनुलाई अस्वाभाविक भन्न मिल्दैन । तर, संशोधन गर्ने समय भने ठीक भएन, देखिएन । सरकारले ऐनमा प्रष्ट नभएको कुरा पहिले नै देखेन र अस्पष्ट कुरालाई प्रष्ट पार्ने कदम किन चालेन ? अन्तिम सयममा आएर संशोधनको कुरा उठाउनुको आशय के हो ?

चुनाव हुने नहुने अन्यौल देखिएको बेला नै त्यस्तो कदम उठ्दा वा उठाउँदा बाघ कराउनु र बाख्रा हराउनु संयोग मात्र मान्ने र ठान्ने अवस्था कमै मात्र फेला पर्छ । जेहोस्, सत्तारुढ दलले चुनाव गर्ने निर्णय गरेर निकै सुझबुझपूर्ण काम गरेको छ र आशा गरौं सरकारले बोलेअनुसार निर्वाचन आयोगसँग सल्लाह गरेर निर्वाचनको मिति तोक्ने नै छ । अब कुनै पनि बहानामा चुनाव टार्न वा सार्ने छुट कसैसँग पनि छैन, त्यस्तो गर्न पाइन्न र मिल्दैन पनि । चुनाव भनेको कसैको क्षणिक नाफाहानी हेरेर गरिने कुरा होइन, देश तथा जनता र संवैधानिक व्यवस्था हेरेर गरिने कुरा हो । यसको अर्थ हो, तोकिएको मितिमा चुनाव हुनैपर्छ ।

अन्यथा प्रधानमन्त्री शेरबहादुर देउवाले जति अपजस पाउने छन्, त्यति नै अपजसको भागीदार सत्ताधारी दलहरूले पनि हुनुपर्ने छ । प्रधानमन्त्री देउवालाई दोष दिएर उम्कन पाउने छुट कसैसँग पनि छैन । कदाचित त्यस्तो भयो भने त्यो पानीमाथि ओभानो देखिन खोज्नुबाहेक केही हुने छैन । प्रधानमन्त्री शेरबहादुर देउवा त्यस्ता काँग्रेसी नेता हुन्, जसले पहिले नै असक्षमताको बिल्ला भिरिसकेका छन् । कसले कतिबेला भिरायो जगजाहेर छ, त्यतातिर नजाउँ । तर, तोकिएको मितिमा निर्वाचन गराउन नसकेकै कारण त्यस्तो बिल्ला भिर्न बाध्य भएका भने पक्कै हुन् । अब पनि त्यस्तै कलङ्कको भारी बोक्नु भनेको उनका लागि राजनीतिक करियर नै समाप्त पार्नु हो, दाउमा राख्नु हो । उता भरखर निर्माण भएको दल भएकाले नेकपा समाजवादीका लागि तत्काल चुनाव अभिष्ट नहुन सक्छ ।

तर, नेकपा एमालेबाट अलग हुनुको मुद्धा कुनै न कुनै रूपमा यसैसँग जोडिएकाले उसका निम्ति पनि चुनावबाट पछि हट्न खोज्ने गुन्जाइस छैन । हुन सक्छ, माओवादी र जसपालाई पनि विविध राजनीतिक खिचातानीबीच तत्काल चुनाव त्यति सहज नलाग्न सक्छ । तर, उनीहरूलाई पनि चुनावबारे बाहानाबाजी गर्ने छुट समयले दिएको छैन । अन्यथा उसलाई पनि जनअदालतको कठघरामा उभिएर कुनै पनि बेला हिसाब राफसाफ गर्नुपर्ने अवस्था आउन सक्छ ।


संविधान कुनै दल र नेताहरूको हितलाई हेरेर बनेको होइन । देश र जनता हेरेर बनेको हो । पार्टीहरू नरहन पनि सक्छन्, टुटफुट हुन पनि सक्छन् तर संविधान र ऐनकानून रही रहन्छ, रहिरहनुपर्छ । त्यसैले संविधानअनुसार सरकारले तोकिएको समयमा चुनाव गराउनैपर्छ । अन्यथा त्यस्तो सरकार पदमा बसिरहनुको औचित्य नै हुँदैन । विगतका संविधान व्यक्तिले बनाएको थियो, कामलाग्दो भएन, विफल भयो भन्न सकिने अवस्था थियो तर अहिलेको संविधान संविधानसभाले बनाएको हो ।

यो पनि विफल हुने हो भने, बनाउने हो भने देश गम्भीर संवैधानिक संकटमा पर्न सक्छ । त्यसपछि संविधानलाई पुन ट्र्याकमा ल्याउन कति वर्ष लाग्ने हो, कतिले पुन: बलिवेदीमा चढ्नुपर्ने हो, त्यतिबेलासम्म देशले कति बढी देशीविदेशी शक्तिको रणमैदान हुनुपर्ने हो कल्पनासम्म गर्न सकिन्न ।

अब विगतमा कहाँ के भयो र कसले के के भने त्यतातिर जानुको कुनै अर्थ छैन । अहिलेको आवश्यकता भनेको तत्काल चुनावको मिति घोषणा गर्ने र तोकिएको मितिमा निष्पक्ष चुनाव सम्पन्न गर्ने नै हो । लोकतन्त्रमा चुनाव नै जनभावनाको मूल्यांकन गर्ने कसी हो । उनीहरूले निष्पक्ष चुनावमा भाग लिने अवसर पनि पाउनुपर्छ र आफूलाई मनपरेको दल र प्रतिनिधि चुन्ने अवसर पनि पाउनुपर्छ । त्यति पनि सकिन्न भने जनताको करमा व्ययभार बनेर सरकार चल्नु र चलाउनुको कुनै अर्थ छैन ।

*- साभार: रातोपाटी*

# कामदार संक्रमित हुँदा नागढुङ्गा सुरुङ निर्माण सुस्त



काठमाडौँ (रासस)/ देशभर कोरोनाको तेस्रो लहर फैलिरहँदा नागढुङ्गाको निर्माण सुस्त भएको छ । यहाँ कार्यरत १२७ जनामा संक्रमण देखिएपछि केही दिनयता निर्माण नियमित गतिभन्दा केही सुस्त भएको हो ।

संक्रमण देखिएका व्यक्तिमा पनि अहिले जटिल स्वास्थ्य समस्या भने छैन । कामदार निर्माणस्थलमा नै 'आइसोलेशन' मा बसिरहेको र अरु कर्मचारी आ-आफ्नो घरमा नै रहेको नागढुङ्गा सुरुङमार्ग आयोजनाले जनाएको छ । शारीरिक रुपमा काम गर्न सक्ने व्यक्ति पनि रिपोर्ट 'नेगेटिभ' नआएसम्म काम नगर्ने आयोजनाका प्रमुख नरेशमान शाक्यले बताए ।

उनले भने, "स्वास्थ्य मापदण्डका आधारमा पनि सक्छु भने पनि नेगेटिभ नआएसम्म काममा लगाउन सकिँदैन ।" निर्माणस्थलमा सामान्य अवस्थामा ५६० जना कार्यरत रहेकामा अहिले त्यो संख्या चार सय हाराहारीमा छ ।

निर्माणस्थलमा नै प्रत्येक पाँचपाँच दिनमा कोभिड परीक्षण गरेर नेगेटिभ आउने काममा लाग्ने र पोजेटिभ आउने अरुबाट अलग बस्ने गरेको आयोजनाले जनाएको छ । आयोजनामा केही दिन पहिलेसम्म दैनिक १० मिटर खन्ने गरिएकामा अहिले जनशक्ति कम भएकाले कामको गति केही सुस्त भएको प्रमुख शाक्यले बताए ।

अहिले दैनिक ६/७ मिटर मात्रै खनिरहेको छ । सुरुङ खन्न सुरु भएदेखि नै दैनिक सात मिटर सुरुङ खन्ने योजना बनाएको भए पनि गत वर्षमा कोभिडका कारण लक्ष्यअनुसार काम हुन नसकेको उनले बताए ।

उनले भने, "निर्धारित समयमा काम सकाउन दैनिक १० मिटर गरेर महिनामा ३०० मिटर खन्ने गरिएकामा अहिले संक्रमण बढेकाले केही समस्या भएको छ ।" आयोजना ४२ महिनामा सम्पन्न गर्ने लक्ष्य लिएकोमा अहिले निर्धारित समय तालिकाभन्दा निर्माण झण्डै डेढमहिना ढिला छ ।

निर्माणको काम गरिरहेको जापानी कम्पनीले तोकिएको अवधिभन्दा धेरै ढिला नहुने बताइरहेको प्रमुख शाक्यले जानकारी दिए । अबको पाँच महिनामा सुरुङ खनिसकिने गरी योजना बनाइएको छ । साउनसम्ममा सुरुङ खन्न सकिएमा त्यसपछि एक वर्ष अन्तिम काम (फिनिसिङ) हुनसक्छ ।

अबका दिनमा अरु कुनै अवरोध नभएर सरासर काम भएमा अवधिभन्दा धेरै ढिला नहुने उनले बताए । कोरोना र अरु अवरोधका कारणले बाधा पुर्‍याएमा भने अवधि सकिँदा काम बाँकी रहनसक्छ ।

उनले भने, "अहिले एक हप्ता जसरी नै ढिला भएमा अझै पछाडि जानसक्छ ।" निर्माणस्थलमा जग्गाको विवाद रहेकामा अहिले त्यो समाधान भइरहेको छ । धादिङतर्फ पूरानो विवाद बाहेक नभएको र काठमाडौँतर्फ बलम्बुमा जग्गा अधिग्रहणको काम अघि बढिरहेको प्रमख शाक्यले बताए । सो स्थानमा रु ३० करोड मुआब्जाबापत बाँडिरहेको र अब रु ३५ करोड आउन लागेको छ ।

त्यसपछि रु २० करोड आएपछि काम गर्न पर्याप्त हुने उनले बताए । धादिङमा अख्तियारमा उजूरी परेका पाँच जग्गा बाहेक अरुतिर जग्गा प्राप्तिको समस्या छैन । उनले भने, "सानातिना समस्या बाहेक जग्गा अधिग्रहणको धेरै समस्या समाधान भइरहेको छ ।"

आयोजनासँग जोडेर बीचबीचमा स्थानीयवासीको गुनासो आउने गरेको छ । कहिले पानी सुक्यो त कहिले सडकका विषयमा स्थानीयवासीको गुनासो आउँदा सम्बोधन गर्दै निर्माण अघि बढाइएको प्रमुख शाक्यले बताए ।

स्थानीयवासीको पानीको समस्या समाधानका लागि पानी टयांकी बनेको छ । पाइप विच्छाउने कामका लागि आयोजनाले बजेट दिएर नगरपालिकाले गर्ने भएको छ । मुआब्जाको चित्त बुझेन भनेर पनि कहिलेकाहीँ स्थानीयवासीले गुनासो गरेपनि आयोजनाले त्यसको समाधान गरिरहेको छ ।

यसपछिका दिनमा बलम्बुमा जग्गा प्राप्ति भएपछि बिजुलीको लाइन सार्नुपर्ने छ । जग्गा नलिइ बिजुली सार्न नमिलेको र जग्गा प्राप्त गरेर निर्माणस्थल खाली गरिएपछि आयोजनाले अझै गति लिने उनले बताए ।

आयोजनास्थलमा अहिले नेपाली र विदेशी गरी झण्डै ५६० जना रहेका छन् । जापानीज निर्माण कम्पनीका तर्फबाट झण्डै २० र तीन जना परामर्शदाता कम्पनीका तर्फबाट छन् । निर्माण कम्पनीबाट तीन जना फिलिपिनो छन् भने त्यसभन्दा बाहेक नेपाली रहेका छन् ।

विसं २०७६ असोजमा ४२ महिनामा निर्माण सम्पन्न गर्ने गरी हाज्मा आन्डो कर्पोरेशनसँग ठेक्का सम्झौता गरिएको थियो । सोही वर्ष कात्तिकमा आयोजनाको शिल्यान्यास भएको थियो । जापान सरकारको 'सफ्ट लोन' मा सुरुङ निर्माण गर्ने गरी सम्झौता भएको थियो । सुरुङमार्गसञ्चालनमा आएपछि नागढुङ्गा-नौबिसे सडकखण्डमा दैनिक रुपमा हुने सवारी चाप कम हुने अपेक्षा गरिएको छ । त्यस स्थानमा धेरै सवारीसाधन र व्यक्ति अलपत्र पर्ने गरेकामा समाधान हुनेछ । सोको समाधानसँगै पेट्रोलियम पदार्थको बचत पनि हुनेछ ।

आयोजना अन्तर्गत साढे नौ मिटर र चार मिटर गरेर दुई सुरुङ निर्माण हुनेछ । आयोजनाअन्तर्गत दुई 'फ्लाइओभर', एक सर्भिस सेन्टर र तीन दशमलव एक किलोमिटर नयाँ सडक रहेका छन् । सुरुङमार्गकै मुख र सतुङ्गलमा 'फ्लाइओभर' बनाउन लागिएको छ । अन्तरराष्ट्रिय मापदण्डानुसार एउटा लेनको चौडाइ साढे तीन मिटर हुन्छ ।

तीन लेन नपुगे पनि मुख्य सुरुङमार्गमा तीन सवारीसाधन सहज आवतजावत गर्न सक्नेछन् । एउटा गाडी बिग्रिदा दुइटै गाडी चल्न सक्नेछन् । सहायक सुरुङ तत्काल उद्धारका लागि हुने बताइएको छ । ठाउँठाउँमा मुख्य सुरुङबाट सहायक सुरुङ प्रवेशद्वार बन्नेछ ।

सुरुङमार्ग खन्दा आएका मजबुत ढुङ्गा र माटो त्यहीँ निर्माणका क्रममा प्रयोग हुनेछ भने कमजोर ढुङ्गामाटालाई भने सिस्नेखोलामा भरेर सोही स्थानमा 'सर्भिस सेन्टर' निर्माण गरिनेछ । सो स्थानमा बसपार्क र तरकारी संकलन केन्द्रलगायत कक्ष हुनेछ । निर्माण सम्पन्न हुनासाथ केन्द्र धुनीबेँसी नगरपालिकामा नै हस्तान्तरण गर्ने योजना छ । मुख्य सुरुङको लम्बाइ दुई दशमलव ६६ किमी रहेको छ ।




# "जहाँ भ्रष्टाचार हुन्छ : त्यहाँ सुशासन र लोकतन्त्रको तत्व रहन्न"

काठमाडौँ (रासस)/ सरकारका कामकारबाहीलाई पारदर्शी र जनउत्तरदायी तुल्याउन प्रभावकारी संसदीय निगरानी र खबरदारी संयन्त्रको आवश्यकतामा जोड दिइएको छ ।

नेपालको संसद् र संसदीय समितिका निर्देशन कार्यान्वयन अवस्था र अन्तर्राष्ट्रिय अभ्यासका आधारमा विज्ञले कार्यकारीको कामको रखवारी र खबरदारी प्रभावकारी संसदीय अनुगमनबाट मात्र सम्भव हुने धारणा राखे । संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता खिमलाल देवकोटाले संसदीय अनुगमन निर्देशिका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव प्रस्तुत गर्दै अनुगमन तथा नियन्त्रण प्रणालीले राज्यका कामकारबाहीलाई पारदर्शी र उत्तरदायी तुल्याउने बताए ।

राज्यलाई लोकतान्त्रिक बनाउन, राज्यका कामकारबाहीलाई जनमुखी र उत्तरदायी तुल्याउन, शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन कायम गर्न प्रजातान्त्रिक मुलुकमा ससदीय अनुगमन अनुशरण गरिँदै आएको छ । भनाइ छ, "जहाँ शक्ति हुन्छ, त्यहाँ भ्रष्टाचार हुन्छ । जहाँ भ्रष्टाचार हुन्छ, त्यहाँ सुशासन र लोकतन्त्रको कुनै तत्व बाँकी रहन्न । तसर्थ लोकतन्त्र र सुशासनका लागि शक्तिको निगरानी, खबरदारी र अनुगमन आवश्यकता पर्छ ।"

आधुनिक राज्यको ध्येय भनेको शान्ति, लोकतन्त्र, विकास र समृद्धि भएकाले राज्यशक्तिको निगरानी लोकतन्त्रको अनिवार्य शर्त मानिँदै आएको छ । विश्वका कयौँ लोकतान्त्रिक मुलुकमा संसदीय अनुगमनको उच्चतम अभ्यास भइरहेको छ । क्यानाडामा संसद्ले कार्यकारी अंगको अनुगमन गर्न स्थायी र विशिष्टकृत समितिको व्यवस्था गरेको छ भने जर्मनीमा सरकारका अधिकारीलाई समितिमा बोलाएर सोधपुछ तथा लिखित र मौखिक प्रश्नका माध्यमबाट अनुगमन गरिने अभ्यास छ । संसदीय अनुगमन प्रणालीले राज्यका निकायबीच शक्ति पृथकीकरण, नियन्त्रण, सन्तुलन तथा जनता र संविधानप्रति उत्तरदायित्वपूर्ण शासन प्रणाली स्थापनामा बल पुर्‍याउने वरिष्ठ अधिवक्ता देवकोटा बताउछन् ।

संविधानले संसद्लाई जनताको सार्वभौम सम्पन्न स्थायी अंगका रूपमा आत्मसात गरेकाले नेपालले सुधारिएको लोकतान्त्रिक संसदीय प्रणाली अवलम्बन गर्ने मुलुकका रूपमा परिचय स्थापित गरेको छ । सरकारलाई प्रश्न सोधेर, जवाफ मागेर, हरेक कामकारबाहीलाई निगरानी राख्दै पारदर्शी तुल्याउन तथा कार्यकारीबाट हुनसक्ने अत्यधिक शक्तिको दुरुपयोग रोकेर लोकतन्त्रलाई सुदृढ गर्ने दायित्व लोकतान्त्रिक मुलुकमा संसद् र समितिबाट हुने गर्छ ।

लोकतान्त्रिक मुलुकमा सरकारमाथि विश्वास वा अविश्वासको प्रश्न वा संवैधानिक निकायका पदाधिकारीमाथि महाभियोगको विषय छिनोफानो गर्ने अधिकार संसद्मा निहित रहन्छ । नेपालमा सरकारका कामकारबाहीलाई नियाल्ने संघीय संसद् मातहत विशिष्ट प्रकृतिको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति नै बेग्लै छ ।

संसद्को मुलभूत काम भनेको कानुन बनाउने, बजेटमाथि छलफल गरी निर्णय दिने, जनताका आवाज उठाउने र सरकारको काम रेखदेख गर्नु हो । संसदीय अनुगमनसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन गर्ने क्रममा राज्यका निर्देशक सिद्धान्त नीति र दायित्वको कार्यान्वयन, अनुगमन र मूल्यांकन, सार्वजनिक लेखा, शिक्षा तथा स्वास्थ्य, विधायन, राज्यव्यवस्था तथा सुशासन समितिबाट भएका महत्वपूर्ण निर्णय, दिएका निर्देशन र कार्यान्वयनको अवस्थासमेतको अध्ययन गरिएको जानकारी दिइयो । विधायन व्यवस्थापन समिति सभापति परशुराम मेघी गुरुङले संसद् र संसदीय समितिको मुख्य काम भनेको सरकारबाट भएका कामको नियमित अनुगमन मूल्यांकन गरी विश्वासनीय र प्रभावकारी तुल्याउने रहेको बताए । अध्ययनमा समितिले निर्धारण गरेको कार्यविधिम अनुगमन गर्ने स्वीकृत मापदण्ड नभएका कारण एकरुपता र गुणस्तरमा समस्या देखिएको प्रतिवेदनमा उल्लेख छ ।

**निर्देशन दोहोरिने र निर्णय सङ्गतिमा अभाव...**

अध्ययनमा समितिकै निर्देशन पनि बारम्बार दोहोरिएको, एकै प्रकृतिका निर्णय धेरै समितिबाट भएका, निर्णय सङ्गतिमा अभाव देखिएको, कार्यक्षेत्रको स्पष्टता रहेको तथा गुणस्तरीय अनुगमन र प्रभावकारी परिणाम हासिल देखिएको छ । अनुगमनको पनि अनुगमनमा ध्यान नपुगेको तथा आफैँले गरेका निर्णय र निर्देशनबारे समिति नै अनविज्ञ देखिएको प्रतिवेदनमा उल्लेख छ ।

कतिपय समितिका निर्णय सकारात्मक विभेदभन्दा पनि संलग्न र सरोकारका आधारमा भए गरेको देखिएको विज्ञको मत छ । सरकारी कामको संसद्बाटै निगरानी प्रक्रिया नौलो नभएर सर्वाधिक आधिकारिक र असल अभ्यासका रूपमा लिने गरिन्छ । राष्ट्रियसभा सदस्य एवं कानुनविद् राधेश्याम अधिकारी भन्छन्, "नीति तथा कार्यक्रम ल्याउँदामात्रै होइन, कानुन निर्माणमा पनि हामी मन्त्री हुँदा र नहुन दोहोरो मापदण्ड अपनाउँछ यो सर्वथा ठिक होइन, संसदीय अनुगमन जति प्रभावकारी भयो त्यति नै सुशासनलाई बलियो तुल्याउँछ ।" विश्वका विभिन्न मुलुकमा भएका असल अभ्यासलाई अनुशरण गर्न सकियोस् भनी अनुसन्धानकर्ताले क्यानडा, जर्मनी, इटाली, जापान, संयुक्तराज्य बेलायत, अमेरिका, दक्षिण अफ्रिका र भारतले अभ्यास गरिरहेको संसदीय अनुगमनसम्बन्धी व्यवस्था अध्ययन गरी प्रस्तुतीकरण गरेको हो । इटालीमा कार्यकारी अंगको नियन्त्रण र निगरानी संसदीय नियन्त्रण एकाइमार्फत गर्ने प्रचलनछ भने जापानमा सरकारका काम संसद् आफैँ, सांसद, संसदीय समिति वा खटाएका सदस्यले परीक्षण गर्ने व्यवस्था छ ।

बेलायतमा भने छानिएका विशेष समिति संसदीय अनुगमनका महत्वपूर्ण साधन मानिन्छ । छिमेकी मुलुक भारतमा संसद् स्वयं र समितिमार्फत निगरानीको हुन्छ भने दक्षिण अफ्रिकामा कार्यकारीका हरेक काम कारबाहीमा संसदीय अनुगमन अनिवार्य मानिन्छ । समिति सदस्य देवराज दाहालले मुलुकमा ठूला राजनीति परिवर्तनपछि कार्यान्वयनमा हुन्छ भनिएको प्रणाली र पद्धति कहिलेदेखि स्थापित होला भनी विज्ञसँग जिज्ञासा माग गरे ।

**अनुगमन किन त !**

पूर्वाधार निर्माणलगायतका विकासका कार्यक्रमलाई आर्थिक दृष्टिले मितव्ययी, सक्षम र गुणस्तरीय तुल्याउन, कानुनी अख्तियारी प्रदान गर्न तथा रणनीतिक योजना एवं बजेट सुनिश्चित गर्न प्रभावकारी संसदीय अनुगमनको आवश्यकता औँल्याइएको छ । राज्यका समग्र उद्देश्य र नीतिलाई आत्मसात गरी अर्थपूर्ण योगदान पुर्‍याउने संसदीय अनुगमनको मुख्य ध्येय हो । अनुगमनका लागि पूर्वतयारीका रूपमा पर्याप्त सूचना संकलन, लक्ष्य निर्धारण, उपयुक्त निकाय छनोट, विकल्पको खोजी, विज्ञ र सरोकारवालासँग परामर्श तथा अग्रगामी सोच निर्धारण गर्न सुझाव दिइएको छ । दस्तावेज, सामग्री र सूचनासमेतका आधारमा संस्था वा पदाधिकारीलाई बोलाएर उनीहरूबाट भएको प्रस्तुति र सूचनाबीच तालमेल भए-नभएको यकिन गरी अनुगमनलाई निष्कर्षमा पुर्‍याउन सकिनेछ । अनुगमन प्रतिवेदनमा कामको पृष्ठभूमि, प्रक्रिया र परिणामसमेत हुने भएकाले निर्माण ठोस, मूर्त, सरल र कार्यान्वयन योग्य हुनुपर्छ भन्ने मान्यता राखिन्छ ।

समिति सदस्य विमला राई, प्रकाश पन्थ र रामलखन चमारले संसद्मा स्वतन्त्र अनुसन्धान र अनुगमन संयन्त्रको अभाव खड्किएको तथा आयोजना निर्माण समय लम्ब्याउने, म्याद थप्ने र सर्भे गर्नेलाई कारबाही कसले गर्छ भनी प्रश्न गरे । संसदीय अनुगमनका बेथिति र स्वार्थका कारणले अनुगम नै विश्वासनीय हुन नसकेको सन्दर्भमा अनुगमन आचारसंहिता बनाउने र अनुगमनको पनि अनुगमन गर्ने पद्धति र प्रणाली स्थापित गर्नुपर्ने देखिएको विज्ञको मत छ ।

कानून मन्त्रालयका सचिव उदयराज सापकोटाले अखबारमा छापिएका आधारमा मात्र नभई विषयवस्तुको गाम्भीर्यताअनुरुप संसदीय अनुगमन प्रणाली सधैँ चुस्त बन्न आवश्यक रहेको सुझाव दिए । संसदीय निगरानीले अनुगमनले सरकारी र सार्वजनिक क्षेत्रसमेतलाई सदाचार कायम गर्न र तोकिएका सीमाभित्र रहेर काम गर्ने वातावरण तयार गर्ने भएकाले सार्वजनिक सम्पत्ति र समयको हिफाजत हुने विश्वास गरिएको छ ।

# कुष्ठरोगीलाई अझै समाजको डर



चितवन (रासस)/ भरतपुर महानगरपालिका-५ की ४९ वर्षीया एक कुष्ठरोगी महिला अहिले पनि आफूलाई रोग भएको कुरा गोप्य राख्न बाध्य भएको छ । उनका दुई छोरी र नातिनी कुष्ठरोगी हुन् । उनीसहित दुई छोरीले दुई वर्षयता औषधि खाँदैछन् भने नातिनीले छ महिनादेखि औषधि खान थालेकी छिन् ।

कान्छी छोरीले भरतपुर अस्पतालमा परीक्षण गराएर औषधि खाएकी हुन् भने अन्य सबैले पोखरामा परीक्षण गराएर नियमित औषधि खान थालेका हुन् । उनले भने, "घर यहाँ भए पनि स्वास्थ्य परीक्षण र औषधि लिन हामी टाढा जाने गरेका छौँ ।" नियमित औषधि पनि भरतपुरमा नगई गीतानगर जाने गरेको उनले बताए ।

समाजको डर देखाउँदै उनले थपे, "छोराछोरीको विवाह गर्नुछ, कसैले थाहा पाए भने भन्ने सधैँ मलाई पिरलो हुन्छ ।" गाउँमा लाटो फुस्रो दाग देखिएकालाई कुष्ठरोग परीक्षण गर्न जान सुझाउने भए पनि आफू र परिवारलाई भएको समस्याका बारेमा स्वास्थ्यकर्मीबाहेक अरुलाई नभनेको उनले बताए । नाम गोप्य राख्न अनुरोध गर्दै उनले भने, "अहिले औषधि खाँदा पनि समस्या आइरहन्छ, सुनेको छु, अब विस्तारै सधैँका लागि निको हुन्छ रे ।"

नौ वर्षीया नातिनीलाई समस्या देखिएपछि आफूलाई चिन्ता थपिएको उनको भनाइ छ । चिकित्सक स्वास्थ्यकर्मीले निको हुन्छ भनेकाले आफू ढुक्क रहेको उनको भनाइ छ । संक्रमण देखिएकालाई बेलाबेलामा शरीरका ठाउँठाउँमा गाँठागुँठी सहितको घाउ आउने गरेको छ । औषधि खाएपछि निको हुने गरेको उनी बताउँछन् ।

रोगबाट क्षति व्यहोर्नु नपरोस् भनेर सधैँ आफू स्थानीयलाई जनचेतना जगाउने काममा सक्रियरुपमा लागेको उनी बताउँछन् । भरतपुर महानगरपालिका-१० का ५५ वर्षीय एक पुरुष पेसाले श्रमिक हुन् । उनको हातको तीन वटा औँला कुष्ठरोगले गर्दा झरेको छ । ज्याला मजदुरी गर्ने उनलाई काम गर्ने ठाउँमा हेयको दृष्टिकोणले हेर्ने गरेको अनुभव छ । उनले भने, "जहाँ काम गर्न गयो, मानिस नजिक पर्न खोज्दैनन् ।" श्रीमती र दुई छोरालाई ज्याला, मजदुरी गरेर पाल्दै आएको बताउने उनले परिवारका अन्य सदस्यलाई भने रोग नसरेको बताए ।

समयमा उपचार नगराउँदा आफूले तीन वटा औँला गुमाउनु परेको बताउँदै उनले भने, "लाटो फुस्रो दाग देखिनेबित्तिकै परीक्षण गर्नुपर्ने रहेछ । मैले ढिलो गरेँ ।" तीन वटा औँला गुमाएको भए पनि नियमित काम भने गरिरहेको उनले बताए । उनले भने, "औषधि खान थालेपछि काम भने गरिरहेको छु ।" सबैलाई रोगका बारेमा नभनेको भन्दै उनले रोग थाहा पाउनेले हेर्ने दृष्टिकोण राम्रो नहुने गरेको बताए ।

स्वास्थ्य कार्यालय चितवनका प्रमुख दिपक तिवारीले रोगका बारेमा सबैलाई जानकारी हुने गरी सन्देश प्रवाह गरिरहेको बताए । नियमित उपचारबाट कुष्ठरोग पूर्णरुपमा निको हुने र एकमात्रा बहुऔषधि सेवन गरेपछि ९९.९ प्रतिशत किटाणु निष्क्रिय भई अरुलाई नसर्ने उनले बताए ।

कुष्ठरोगको औषधि सरकारी स्वास्थ्य संस्थामा नि:शुल्क पाइन्छ । तिवारीले औषधि खाएकाबाट रोग नसर्ने भएकाले समाजले उनीहरुप्रति सम्मानजनक व्यवहार गर्नुपर्ने बताए । आफ्नो गाउँ समाजमा कुष्ठरोग लागेको शंका लागेमा तुरुन्त परीक्षण गरी औषधि खाने व्यवस्था गर्न उनले सबैमा आग्रह गरे । उनले भने, "हामीले पनि विभिन्न शिविरमार्फत खोजी जारी राखेका छौँ, सबै मिलेर रोगलाई निर्मूल पार्नुपर्छ ।"

भरतपुर महानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख दिपक सुवेदीले कुष्ठरोग भएका र निको भएकाको परिवार एवं नजिक रहेर काम गरेकालाई औषधि खुवाउने काम भइरहेको बताए । विसं २०५१ देखि हालसम्म एक हजार ७९१ जनामा संक्रमण भएको तथ्यांक छ । तिनीहरुको परिवार र सम्पर्कमा आएकाको खोजी गरी औषधि खुवाउने काम भइरहेको उनले जानकारी दिए ।

स्वास्थ्य कार्यालय चितवनका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीले हाल जिल्लामा ४६ जनाले नियमित औषधि खाइरहेको जानकारी दिए । जसमध्ये २० जना नयाँ थपिएका हुन् । गत आर्थिक वर्षमा ४५ जना नयाँ रोगी थपिएका थिए ।

यसैबीच कार्यालयले एक संक्षिप्त कार्यक्रम आयोजना गरी संक्रमितलाई पौष्टिक खानेकुरा वितरण गरेको छ । सो अवसरमा पौष्टिक खानेकुराका साथै मास्क, सेनिटाइजर र साबुन वितरण गरिएको थियो । सो अवसरमा छ जनालाई ती सामग्री वितरण गरियो । जिल्लाका सबै संक्रमितलाई पालिकामार्फत पौष्टिक खानेकुरा पुर्‍याइने कार्यक्रम रहेको छ ।

# तीन स्रष्टालाई विसं २०७८ को भैरव पुरस्कार

काठमाडौँ (रासस)/ नेपाली साहित्यका विराट प्रतिभा एवं हास्य व्यंग्यकार भैरव अर्यालको स्मृतिमा स्थापित पुरस्कारबाट यसवर्ष तीन जना स्रष्टालाई सम्मान गरिने भैरव पुरस्कार गुठीले जनाएको छ ।

जसअनुसार २०७८ सालको भैरव पुरस्कार व्यंग्यकार नरनाथ लुइँटेललाई प्रदान गरिने छ । यो पुरस्कारको राशि १ लाख ११ हजार १११ रहेको छ । पहिलो पटक यसै वर्षदेखि घोषणा गरिएको भैरव वाङ्मय पुरस्कार संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगलाई प्रदान गरिने गुठीले जनाएको छ ।

पुरस्कारको राशि १ लाख एक हजार १११ रहेको छ । नेपाली कला, साहित्य, संस्कृति, संगीत, पत्रकारिता लगायतको क्षेत्रमा विशिष्ट योगदान दिने स्रष्टालाई अब वर्षेनि यो पुरस्कार प्रदान गरिने गुठीका अध्यक्ष रोचक घिमिरेले जानकारी दिए । त्यस्तै ५५ हजार ५५५ रुपैया राशिको भैरव प्रतिभा पुरस्कार साहित्यकार बिमल भौकाजीलाई प्रदान गरिने भएको छ ।

पुरस्कार प्राप्तकर्ताको नाम छनोट गर्न गुठीले व्यंग्यकार लक्ष्मण गाम्नागेको संयोजकत्वमा साहित्यकार श्रीओम श्रेष्ठ रोदन र युवराज मैनाली सदस्य रहेको समिति गठन गरेको थियो । कोभिड-१९ को कहर कम हुने वित्तिकै औपचारिक कार्यक्रम गरी पुरस्कार प्रदान गरिने गुठीका सचिव वसन्त रिजालले जानकारी दिए ।

# अनधिकृत संरचना हटाइने

काठमाडौँ (रासस)/ गुह्येश्वरीबाट थापाथली पुलसम्मको वाग्मती किनारका दायाँबायाँ बनेका अनधिकृत अस्थायी एवं स्थायी संरचना सात दिनभित्र हटाउन अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले सार्वजनिक सूचना जारी गरेको छ ।

नदी किनारमा बनेका अस्थायी संरचना तीन दिनभित्र र स्थायी संरचना सात दिनभित्र हटाउन समितिको आयोजना उपप्रमुख अमित रञ्जितले जारी गरेको सूचनामा उल्लेख छ । यसअघि पनि यस्ता संरचना हटाउन पटकपटक सार्वजनिक सूचना जारी गरी जानकारी गराइएकामा त्यसको बेवास्ता भएकाले पुन:सूचना प्रकाशन गर्न बाध्य हुनुपरेको समितिले जनाएको छ ।

तोकिएको समयभित्र अनधिकृत संरचना नहटाएमा समितिले आफैँ भत्काउने र लागेको खर्च संरचना निर्माण गर्ने व्यक्ति एवं पक्षबाट सरकारी बाँकी सरह उठाइने छ । समितिले यसअघि गोकर्णबाट गुह्येश्वरीसम्मको नदि किनारमा बनेका करिब चार दर्जन स्थायी एवं अस्थायी संरचना पनि हटाएको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# मकवानपुरमा थपिए १७ जना कुष्ठरोगी



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा १७ जना कुष्ठरोगी थपिएका छन् ।

स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार चालु आर्थिक वर्षको ६ महिना अवधिमा १७ जना कुष्ठरोगी थपिएका हुन् । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार १० जना पुरुष र ७ जना महिलामा कुष्ठरोग देखिएको हो ।

सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिमा ७ जना कुष्ठरोगी रहेका छन् । मनहरी र बकैया गाउँपालिकामा तीन-तीन जना कुष्ठरोगी रहेको तथ्यांकले देखाएको छ । कैलाशमा २ जना, वाग्मती र भीमफेदी गाउँपालिकामा एक-एक जना रहेका छन् । जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका कुष्ठरोग फोकल पर्सन ठाकुर पौडेलका अनुसार मकवानपुर जिल्ला कुष्ठरोग निवारणको अवस्थामा रहेको छ ।

उनका अनुसार प्रतिदश हजार जनामा १ भन्दा कममा कुष्ठरोग देखिए निवारणको अवस्था मानिन्छ । हालको तथ्यांक अनुसार जिल्लामा प्रकोप दर ०.३७ रहेको छ । गत आवमा जिल्लामा १९ जना कुष्ठरोगी रहेका थिए । कुष्ठरोग लागेका बिरामीहरुले नियमित एक वर्षसम्म औषधी खानपर्ने हुन्छ ।

आइतबार 'शून्य कुष्ठरोगका लागि हाम्रो प्रतिबद्धता आत्म सम्मानका लागि ऐक्यबद्धता' भन्ने नाराका साथ ६९ औं विश्व कुष्ठरोग दिवस मनाइएको छ । हरेक वर्ष जनवरी महिनाको अन्तिम आइतबार विश्व कुष्ठरोग दिवस मनाउने गरिएको छ ।

## बाल क्लबले मनायो शहीद दिवस

हेटौंडा/नवोदय साहित्यिक बगैंचा बाल क्लबले आइतबार शहीद दिवस मनाउँदै विशेष कार्यक्रम आयोजना गरेको छ । संयोजक तथा क्लवको अध्यक्ष अनुशा उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका अध्यक्ष निमेष निखिलको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका नेता आनन्दराम पराजुलीले सहिदहरुले योगदानले गर्दा नै देशमा स्वतन्त्रता आएको बताए ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | Lab Technician/ assistant | 2 | Negotiable | PCL/TSLC |
| 3 | CMA/ANM | Few | Negotiable | TSLC |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय मकवानपुर**
वागमती प्रदेश, हेटौंडा

**कोभिड १९ को संक्रमणबाट बचौ र बचाऔं**

कोभिड १९ विरुद्ध खोप लगाई सकेका व्यक्तिहरुलाई गम्भीर बिरामी हुने जोखिम कम भएपनि संक्रमण हुने जोखिम रहिरहन्छ । लक्षण नदेखिएका व्यक्तिहरुले पनि अर्को व्यक्तिलाई संक्रमित बनाउन सक्ने भएकोले थाहै नपाई तपाईले आफ्ना प्रियजनहरु माझ संक्रमण फैलाईर हनु भएको पनि हुनसक्छ । त्यसैले जहिले पनि नाक, मुख र चिउडो छोपिने गरि मास्क लगाई जीम्मेवार नागरिकको दायित्व पुरा गरौं ।

**याद गरौं:**
"कोभिड १९ विरुद्ध पूर्ण खोप लगाऔं आफू र आफ्नो परिवारलाई कोभिड १९ रोग लाग्नबाट बचाऔं"
"जनस्वास्थ्यको मापदण्डको कडा रुपमा पालना गरौं, गराऔं र कोभिडको संक्रमणबाट बचौं बचाऔं"





**खुल्यो ! खुल्यो**
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
*अब होटल म्याक्समा*
**होटल MAX**
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७


# संसदीय समिति सभापतिमा एमालेबाट मात्रै प्रस्ताव दर्ता



साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेश सभाको अर्थ तथा विकास समिति र शिक्षा, स्वास्थ्य तथा कृषि समिति सभापतिको निर्वाचन आज सोमबार हुँदैछ ।

अर्थ तथा विकास समितिको आज सोमबार मध्यान्ह १२ बजे र शिक्षा, स्वास्थ्य तथा कृषि समितिको दिउसो २ बजे निर्वाचन तोकिएको छ । दुवै समितिको सभापतिमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेबाट मात्रै प्रस्ताव दर्ता भएको छ ।

गठबन्धनका नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)बाट कसैको पनि प्रस्ताव दर्ता नभएको प्रदेश सभा सचिवालयले जानकारी दिएको छ । गठबन्धन दुवै समितिमा एमालेको एकल बहुमत रहेकाले निर्वाचन प्रक्रियामा सहभागी नभएको जनाइएको छ ।

वैशाखदेखि अर्थ तथा विकास समिति र पुसदेखि रिक्त शिक्षा, स्वास्थ्य तथा कृषि समिति सभापति रिक्त थियो । आइतबार एमालेबाट अर्थ तथा विकास समिति सभापतिमा काठमाडौंका नारायण बहादुर सिलवालले प्रस्ताव दर्ता गराएको प्रदेश सभा सचिवालयले जनाएको छ ।

सिलवालको प्रस्तावक शशिजंग थापा र समर्थक आशा माया तामाङ छन । यसैगरी शिक्षा, स्वास्थ्य तथा कृषि समिति सभापतिमा काठमाडौंका केशवप्रसाद पोखरेलले प्रस्ताव दर्ता गराए । पोखेलको प्रस्तावक दावा दोर्जे लामा र समर्थक प्रकाश श्रेष्ठ छन ।

समितिको सभापति पदको प्रस्ताव दर्ता गर्ने समय आइतबार साँझ ५ बजेसम्म थियो । समिति सभापतिमा एमालेबाट मात्रै प्रस्ताव दर्ता भएको र गठबन्धनबाट सभापति पदको प्रस्ताव दर्ता नभएको प्रदेश सभा सचिवालयका सचिव कृष्णहरि खड्काले *साझाकुरा*लाई जानकारी दिए । सोमबार हुने निर्वाचनमा गठबन्धन सहभागी नहुने भएपछि एमालेका सदस्यको मात्रै उपस्थित हुने देखिन्छ । एमालेले आफ्ना सदस्यहरुलाई बैठकमा अनिवार्य उपस्थितिका लागि निर्देशन दिइसकेको छ । तोकिएको समयमा दुवै समितिको अनिवार्य बैठक बस्ने र बहुमतले सभापति चयन हुने प्रदेशसभा सचिवालयले जानकारी दिएको छ ।

यी दुवै समितिमा एमालेको बहुमत रहेकाले सिलवाल र पोखेल समिति सभापति चयन हुने लगभग पक्का छ । अर्थ र शिक्षा समितिमा एमालेको बहुमत सदस्य छन । २० जना सदस्य रहेको अर्थ समितिमा एमालेको मात्रै १२ जना, नेकपा माओवादी केन्द्रको ४ जना, नेकपा (एकीकृत समाजवादी) को २ जना, नेपाली कांग्रेसको १ जना र विवेकशील साझा पार्टीका १ जना सदस्य छन । शिक्षा समितिमा पनि एमालेको १२ जना, माओवादी केन्द्रको ३ जना, नेपाली कांग्रेसको ३ जना र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को १ जना सदस्य छन ।

यसअघि अर्थ समितिको सभापति सरेश नेपाल थिए । उनी तत्कालीन एमाले सरकारमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री बनेसँगै उक्त पद रिक्त थियो । शिक्षा, स्वास्थ्य तथा कृषि समितिका सभापति घनश्याम दाहाल थिए । दहाल वर्तमान गठबन्धन सरकारमा श्रम, रोजगार तथा यातायात मन्त्री भएपछि उक्त पद रिक्त रहेको थियो । बागमती प्रदेश सभाको अर्थ र शिक्षासहित प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति, उद्योग, पर्यटन तथा वातावरण गरी पाँच वटा समिति छ ।

### सभामुखले एकलौटी गर्न खोजेको गठबन्धनको आरोप

संसदीय समिति सभापतिमा मनोनयन दर्ता नगराएको गठबन्धन आज हुने निर्वाचन प्रक्रियामा पनि सहभागी नहुने भएको छ ।

बागमतीका सभामुख सानुकुमार श्रेष्ठले समितिमा एकलौटी गर्न खोजेको आरोप लगाउँदै गठबन्धन समिति निर्माणमा सहभागी नहुने भएको हो । गठबन्धनले सभामुख सानुकुमार श्रेष्ठले कुनै छलफल नै नगरी समिति सभापतिको निर्वाचन राखेको आरोप लगाएको छ । सभामुख श्रेष्ठले सत्तारुढ दलहरुसँग छलफल र सहमति नगरी निर्वाचन प्रक्रिया अगाडि बढाएकाले सभापति पदमा प्रस्ताव दर्ता नगराएको अर्थ तथा विकास समिति सदस्यसमेत रहेका नेकपा माओवादी केन्द्रका प्रदेश सांसद युवराज दुलालले बताए ।

उनले गठबन्धन निर्वाचन कार्यक्रममै सहभागी नहुने बताए । 'हामीले एक वर्षदेखि रिक्त रहेको पदमा निर्वाचन गरौं भन्दा सभामुख आलटाल गरेर बस्नु भयो । अहिले उहाँले छलफल नै नगरी एक्कासी निर्वाचन घोषणा गरेर अघि बढ्नु भएको छ । हामी निर्वाचनमा सहभागी हुँदैनौं ।' दुलालले भने, 'समिति निर्माण गर्दा सहमतिमा गर्नुपर्ने थियो । सभामुखले एकलौटी गर्न खोजे ।,' यसबारे बुझ्न् साझाकुराले सभामुख श्रेष्ठलाई सम्पर्क गर्न खोज्दा उनको मोबाइल स्वीच अफ थियो ।

## शहीद दिवसमा रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा/शहीद दिवस २०७८ को अवसरमा आइतबार बिहान हेटौंडाको बुद्धचोकमा रक्तदान कार्यक्रमको आयोजना गरिएको छ ।

अनेरास्ववियू हेटौंडा उपमहानगरपालिका कमिटीको आयोजना तथा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम आयोजना गरेको हो ।

अनेरास्ववियू हेटौंडाका अध्यक्ष नवराज पौडेलको सभाध्यक्षता तथा नेकपा एमालेका केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा ३३ जनाले रक्तदान गरेका थिए । जसमा २ जना महिला र ३१ जना पुरुष रहेको रक्तसंचार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिए ।

पछिल्लो समय कोरोना भाइरस (कोभिड-१९) संक्रमितको संख्या बढ्दै गएपछि हेटौंडामा र गतको अभाव भएको र आज संकलन भएको रगतले एक हप्ताको लागि रगतको माग पुरा गर्न सकिने उनले बताए । कार्यक्रममा एमाले बागमती प्रदेश कमिटीका उपसचिव महेश बर्तौला, प्रदेश कमिटी सदस्य तथा राष्ट्रिय सभा सदस्य रामचन्द्र राई, प्रदेश कमिटी सदस्य अनन्तप्रसाद पौडेललगायत नेताहरुको आतिथ्यता रहेको थियो ।


**आवश्यकता**

*प्रथम पटक प्रकाशित मितिः २०७८/१०/१७*

यस पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.को लागि तपसिल बमोजिम योग्यता पुगेका उल्लेखित कर्मचारीहरु २ बर्षे करारमा पदपूर्ति गर्नुपर्ने भएकाले आवेदन दिन इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त आव्हान गरिन्छ ।

**क) पद**: कार्यालय सहायक
**पद संख्या**: १ जना
**तह**: ४
**कार्य क्षेत्र**: थाहा नगरपालिका वार्ड नं. ४
**शैक्षिक योग्यता**: व्यवस्थापन संकायमा +२ तह उत्तीर्ण भई कम्प्युटरमा आधारभूत ज्ञान भएको । शैक्षिक योग्यता उच्च श्रेणी र सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।
**ख) पद**: कार्यालय सहयोगी ।
**पद संख्या**: १ जना
**कार्य क्षेत्र**: थाहा नगरपालिका वार्ड नं. ६
**शैक्षिक योग्यता**: एस.ई.ई उत्तीर्ण
**उमेर**: १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको
**सेवा सुविधा**: संस्थाको नियमानुसार
**पेश गर्नुपर्ने कागजातहरु**: शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकता प्रमाणपत्र, अनुभवका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी र व्यक्तिगत विवरण (Bio-Data), पासपोर्ट साइजको फोटो तथा सम्पर्क नम्बर ।

प्रारम्भिक छनौटमा परेका उमेदवारहरुलाई आवश्यकता अनुसार लिखित वा कम्प्यूटर सम्बन्धि प्रयोगात्मक र अन्तर्वार्तामा सहभागी गराइने छ ।

**दरखास्त स्वीकृत गर्ने नगर्ने अधिकार संस्थामा निहित रहनेछ ।**

**पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**, थाहा नगरपालिका-४, मकवानपुर

***Email: pacospalung@gmail.com***



**डबल ब्ल्याक खाजा**

**स्वादिष्ट परिकारहरुः**
☞ बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
☞ चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
☞ बफ सुकुटी र छोयला
☞ हल्का पेय पदार्थ
☞ भेज चाउमिन



**ओपाज** कफि पिउँदा
स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।

**डबल ब्ल्याक खाजा**
हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल



प्रदेश सरकार
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
बागमती प्रदेश, हेटौंडा, नेपाल

**भेडाबाख्रामा लाग्ने पिपिआर रोगविरुद्ध सप्ताहव्यापी खोप अभियानबारे सूचना**

पिपिआर भेडाबाख्रामा विषाणुबाट लाग्ने घातक संक्रामक रोग हो । यसलाई भेडाबाख्राको हैजा (Sheep and Goat Plague) पनि भनिन्छ । यो रोग नेपालका सबै जिल्लामा देखा परिसकेको छ । यो रोगको खास उपचार नभएकोले यसको नियन्त्रणको लागि सबै भन्दा प्रभावकारी पद्धति व्यापक रुपमा खोप लगाउनु (Mass vaccination) हो । यो रोग लागेमा निम्न बमोजिमका लक्षणहरु देखा पर्दछः-

१. ज्वरो ४० देखि ४१ डिग्री सेल्सियस (१०४ देखि १०६ डिग्री फरेनहाइट आउने)
२. जनावर लोसे, शान्त वा चमक हुने,
३. नाकबाट पानी बग्ने, कालान्तरमा बाक्लो गन्हाउने सिंगान बगाउने, सिंगानको पाप्रा बनि नाकको प्वाल बन्द हुने,
४. आँखा रातो, कचेरा निस्कने, निरन्तर आशु बग्ने,
५. गिजामा कनिका छरेजस्तो ससाना दाना देखिने,
६. अत्यधिक रगत नमिसिएको झाडापखाला लाग्ने र जलवियोजन हुने,
७. हाडछाला हुने गरी दुब्लाउने,
८. श्वास फेर्न गाहो हुने,
९. शरीरको तापक्रम घटेर जाने,
१०. रोग लागेको ५ देखि १० दिनमा मृत्यु हुने,
११. समयमै उपचार गर्न सकेमा पशु निको हुन पनि सक्दछ ।

यो रोग नियन्त्रणको सबै भन्दा उत्तम उपाय समयमै पिपिआर रोग विरुद्ध खोप लगाउनु हो । यस रोग विरुद्ध हरेक ३/३ वर्षमा खोप लगाउनु पर्दछ । खोप लगाउदा ३ महिना उमेर माथिका सबैलाई लगाउनु पर्दछ । यस रोगका विरुद्ध पहिलो पटक ३ महिनाको उमेर पुरा भएपछि लगाउने र तत्पश्चात खोप लगाउदा हरेक ३/३ वर्षको फरकमा फागुन देखि चैत्र महिनामा लगाउनु पर्दछ । खोप लगाउदा सानो वा ठुलो भेडा बाखालाई १ एमएल मासु वा छालामुनी लगाउनु पर्दछ । अन्यत्रबाट ल्याएका भेडाबाखाहरुलाई खोप लगाएर २१ दिन छुट्टै राख्नु पर्दछ । फार्ममा जैविक सुरक्षा कडाईका साथ अवलम्वन गर्नु पर्दछ ।

पिपिआर रोगको रोकथामको लागि बागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका कार्यालयहरु मार्फत मिति २०७८ माघ २५ देखि फागुन २ गतेसम्म प्रदेशका १३ वटै जिल्लाहरुमा सप्ताहव्यापी खोप अभियान सञ्चालन हुदैछ । उक्त अभियानमा सहभागी भई भेडाबाख्राहरुमा समयमानै खोप लगाउन मन्त्रालय सम्पूर्ण भेडाबाख्रा पालक कृषकहरुमा हार्दिक अनुरोध गर्दछ । थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु (मकवानपुर, चितवन, सिन्धुली, धादिङ, नुवाकोट, ललितपुर, दोलखा र काभ्रे), पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडा वा यस मन्त्रालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।






**Times AutoHub, Hetauda**
फोन नं: ९८५५०६७८४० / ०५७-५९०६१०



कोरोनाबाट बच्न अनिवार्य मास्क र स्यानिटाइजरको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं ।
सार्वजनिक हितका लागि जारी सूचना



साझाकुरा
**www.sajhakuranews.com**
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना